मिति:२०८१/०८/२७

# विज्ञसूची (Roster) का लागि निवेदन गर्ने सम्बन्धी सूचना

यस केन्द्रबाट आ.ब. २०८१/०८२ मा सम्पादन गरिने विभिन्न शैक्षिक अनुसन्धान तथा परीक्षण कार्यलाई गुणस्तरीय, प्रभावकारी एवम् सुव्यवस्थित बनाउन विज्ञसूची अपुग भएकाले तोकिएबमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकले मिति २०८१/०९/०३ गते रातिको १२ बजे सम्म निम्नानुसारका google form भर्नुहुन तथा तोकिएबमोजिमको कागजात अपलोड गर्नुहुन वा प्रत्यक्ष रुपमा कार्यालयमा आएर मिति २०८१ पौष ३ गते सम्म कार्यालय समय भित्र आवश्यक कागजात सहितको निवेदन पेश गर्नुहुन **(यस आ.ब. २०८१/०८२ मा विज्ञ सूचीमा समावेश भइसकेका बाहेक इच्छुक व्यक्तिका लागि)** सम्बन्धित सबैको जानकारीका लागि पून सूचना प्रकाशन गरिएको छ।

## १. कार्यक्षेत्रगत google form को लिङ्क

| कार्यक्षेत्र | लिङ्क |
|---|---|
| (क) शिक्षा विकास निर्देशनालयको कार्यसम्पादन परीक्षण, अनुसन्धानमूलक कार्य तथा प्रतिवेदन लेखन कार्यहरू | https://forms.gle/2BNgntQdL2NwdTTg8 |

## २. सर्तहरू

(क) बुँदा नं.१ को (क) मा उल्लिखित कार्यको सन्दर्भमा देहायका मध्ये कुनै एक क्षेत्रमा अनुभव भएको हुनुपर्ने छः

- विश्वविद्यालयका शिक्षा विषयका बहालवाला वा सेवानिवृत्त सहप्राध्यापक वा सोभन्दा माथिल्लो तहमा काम गरेको,
- शिक्षा सेवाका सह-सचिव सरह वा सोभन्दा माथिको पदबाट सेवानिवृत्त भएको,
- शैक्षिक क्षेत्रमा विशेष गरी लेखन, प्रशिक्षण, निरीक्षण, शैक्षिक प्रशासन, व्यवस्थापन, आयोजना/परियोजना मूल्याङ्कन, अध्यापन वा अध्ययन/अनुसन्धानको क्षेत्रमा कम्तीमा १५ वर्षको अनुभव भएको

## ३. आवश्यक कागजात

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(ख) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(ग) सेवा प्रमाणित वा निवृत्त पत्र वा सेवा प्रमाणित झल्किने कागजात वा कार्यानुभव कागजातको प्रमाणित प्रतिलिपि

(घ) स्थायी लेखा नम्बर (PAN) कार्डको प्रमाणित प्रतिलिपि

*द्रष्टव्यः कार्यालयमा नै भौतिक उपस्थित भई निवेदन दिन चाहनुहने विज्ञहरूले उल्लिखित कागजातकासहित संलग्न ढाँचामा निवेदन पेश गर्न सकिने छ। साथै गत वर्ष विज्ञसूचीमा सूचीकृत भएका विज्ञहरूको हकमा निवेदन मात्र भए पुग्ने छ।* ***सो निवेदन फाराम डाउनलोड गरी फाराम भरेर ई-कपी eronasa@gmail.com मा पठाउनु अनुरोध छ।***

श्रीमान् महानिर्देशक ज्यू,
शैक्षिक गुणस्तर परीक्षण केन्द्र
सानोठिमी, भक्तपुर।

विषयः विषय विज्ञमा सूचीकृत हुन पाऊँ।

प्रस्तुत विषयमा आ.व. २०८१/८२ का लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सम्पादन गरिने विभिन्न शैक्षिक अनुसन्धान तथा परीक्षण कार्यका लागि विज्ञका रुपमा सूचीकृत हुन तपसिलको विवरण तथा आवश्यक कागजातसहित यो निवेदन पेस गरेको छु।

तपसिल

१. व्यक्तिगत विवरण

नामथरः

स्थायी ठेगानाः जिल्ला ........................... न.पा/गा.पा. ....................................... वडा नं. ...........

अस्थायी ठेगानाः जिल्ला ........................... न.पा/गा.पा. ..................................... वडा नं. ...........

टोलः ....................... सम्पर्क नं. .................................... इमेलः ............................................

२. कार्यरत/अवकाश प्राप्त भएको संस्थाको नामः .......................................... ठेगानाः ..........................

३. कार्यसँग सम्बन्धित अनुभव वर्षः ...............

४. शैक्षिक योग्यता (विषयविज्ञका लागि तोकिएको न्यूनतम र सो भन्दा माथिल्लो योग्यता भए सो समेत)

| उपाधि | अध्ययन गरेको विषय | उत्तीर्ण बोर्ड | उत्तीर्ण वर्ष | उत्तीर्ण श्रेणी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

उल्लिखित विवरण साँचो हो, झुठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला।

हस्ताक्षरः...........................

नामः...........................

मितिः...........................